नेपाली आन्दोलनको आवश्यकता

(विशाल शाह)

नेपालको विकास हुन नसक्नुमा तथा नेपालले शान्ति र स्थायित्वको बाटोमा अघि बढ्न नसक्नुमा नेपालमा भएका आन्दोलनहरु नेपालीहरुको मात्र चाहना र प्रयासमा हुन नसक्नाको परिणाम हो भन्दा अत्युक्ति नहोला । आफ्नो मेहनत, बुद्धि-विवेक, आफैले सृजना गरेको लक्ष्य, आफैले बगाएको पसिनाले एकतृत पूँजी जस्ता स्थानीय वा राष्ट्रिय स्रोत-साधन जुटाएर गरिएको आन्दोलन हुँदो हो त नेपालमा सम्पन्न आन्दोलनको सफलता पछि राष्ट्रले स्थायित्व, शान्ति र द्रुत्तर विकासको बाटो लिने थियो । तर दुर्भाग्यवश नेपालको आन्दोलनहरु नेपालीहरु कै बलबुतामा मात्र सम्पन्न भएनन् ।

बि सं २००७ सालको क्रान्तिको कुरा गर्ने हो भने यो पूर्ण रुपमा भारतको सदासयतामा सम्पन्न भएको थियो । हुन त भारतले राणा शासकहरुसँग पनि गोप्य साँठगाँठ नगरेको होईन । जसरी पनि भविष्यमा नेपालको राजनीतिमा आफ्नो प्रभुत्व स्थापित गर्ने उसको दाऊ थियो । ०७ सालको परिवर्तन पश्चात भारतले चाहेको कुराहरु सजिलै सम्पन्न हुन्थ्यो । कोशी सम्झौता, नेपालको उत्तरी भागमा भारतीय सेना राख्ने समझ्दारी आदि नेपालको कमजोरीबाट भारतले उठाएको फाईदाहरु हुन् । भारतले ०७ सालमा खेलेको भुमिका कै प्रतिफल ०७ सालदेखि १७ सालसम्मको राजनीतिक अस्थिरतामा नेपालका राजनीतिक दलहरुको अलावा भारतको पनि उत्तिकै ठूलो भुमिका रहेको कुरा त इतिहासमा अकाट्य रुपमा स्थापित भएको छ ।

बि सं २०४६ सालको जन-आन्दोलनमा आन्दोलनकारीहरुलाई भारतको प्रत्यक्ष रुपमा नै सहयोग प्राप्त भएको थियो । मरिच मान सिंहको नेतृत्वको श्री ५ को सरकारलाई आर्थिक नाकावन्दी लगाउनुको साथसाथै आन्दोलनकारी शक्तिहरुलाई प्रत्यक्ष रुपमा आर्थिक सहयोग उपलव्ध गराएको तथ्य धेरै पुरानो कुरा होईन ।

त्यसैले कृष्ण प्रसाद भट्टराईको नेतृत्वको अन्तरिम सरकारले राजाको समेत सहयोगमा समयमा नै संविधान निर्माण गर्नुको साथै आम-निर्वाचन गराउन सफल भएको बाहेक त्यस पछिको कुनै पनि सरकार पूर्ण रुपमा असफल भएको छ । कृष्ण प्रसाद भट्टराईको कुटनीतिक कौशलता, जनताको

राज्तन्त्र प्रतिको आदरलाई मुल्यांकन गर्न सक्ने क्षमता र व्यक्तिगत शक्ति मोह भन्दा नैतिक धरातललाई प्राथमिकता र जनता प्रतिको जिम्मेवारबोधले नेपालको इतिहास उनि प्रति ऋणी भएको छ । भट्टराई पछिको सरकारहरुले कुनै पनि कार्य सही ढङ्गमा पूर्ण गर्न सकेको देखिदैन । गिरिजा प्रसाद कोइराला जस्ता व्यक्ति जसले राष्ट्रको स्वार्थ भन्दा व्यक्तिगत र पारिवारिक स्वार्थलाई महत्व दिनेहरुले शासनसत्ता कव्जा गर्दै गएकोले पनि राष्ट्रले दुर्दशा भोगेको हो भन्नुमा त्यती विवाद गर्नु पर्ला जस्तो लाग्दैन । यस्ता अयोग्य र विक्न सक्ने नेताहरु भएकोले नै २०४६ सालको आन्दोलनमा भारतले आफुले गरेको लगानीको मुनाफा कमाउन कहिले टनकपुर काण्ड, कहिले पन्चेस्वर महाकाली काण्ड त कहिले धमिजा काण्ड रच्न र त्यसमा आफ्नो घरको सेवकहरुलाई रमाएर बस्ने वातावरण सृजना गर्न सफल भयो ।

२०६२-६३ को जन-आन्दोलन वास्तवमा आयातित आन्दोलन हो । यो न नेपालको भूमीमा तयार भएको हो, न नेपालीहरुले तयार गरेका हुन्, न त यो नेपालको भूमीलाई हेरेर तयार पारिएको थियो । आफ्नो पाल्तु वेशरमीहरुलाई हड्डी फालेर आफ्नो आमाको वस्त्र च्यात्न लगाइएकाहरुको दुई दिनको निर्लज्जापन भन्दा यो कुनै विशेष महत्वको हुन सक्ने केही संकेत नै छैन । विदेशीको सोचमा उब्जेको, विदेशीको संकेतमा गरिएको र विदेशीको स्रोतले सम्पन्न भएको पहिलेको आन्दोलनहरुले जस्तै २०६२-६३ को आन्दोलनले कुनै पनि बेला आफुलाई मृतशैयामा पाउन सक्छ । सिर्फ यति मात्र हो की एउटा शुद्ध नेपाली आन्दोलन हुनु पर्यो ।

यतिसम्म भन्न सकिन्छ रा. प्र. पा. नेपालले गर्दै आएको विरोध कार्यक्रमहरु शुद्ध नेपाली छन् । देश-बिदेशमा बस्ने सबै सचेत नेपालीहरुले दिल खोलेर सहयोग गर्ने हो भने रा. प्र. पा. नेपालको विरोध कार्यक्रमहरु शुद्ध नेपाली आन्दोलन हुन सक्छ । यसबाट पाउने प्रतिफल दुर्गामी हुने कुरामा दुईमत नै छैन । यसले हाम्रो धार्मिक सौहाद्रतालाई पुनर्जिवित त गर्छ नै राष्ट्र विभाजन हुने संभावनालाई समेत निस्तेज पारिदिन्छ । जातीय एकतालाई बचाई नेपालीको गुमेको गौरव समेत स्थापना हुन्छ भन्दा फरक पर्दैन । त्यसैले हामी नेपालीहरुले जिम्माबोध गर्नु पर्ने कुरामा दुईमत हुन सक्दैन ।